नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३० अंक ५८ २०७७ साल असोज ८ गते बिहीबार (24 Sep. 2020 Thursday) मूल्य रु. ५/-

Log on : rajbirajdainik.com.np

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- संक्रामक रोग फैलाउनेलाई दश वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिवाना हुने,
- एच.आई.भि वा हेपाटाईटिस बी को रोग फैलाउनेलाई दश वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिवाना हुने,
- यातना दिनेलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- व्यक्ति बेपत्ता पार्नेलाई पन्ध्र वर्षसम्म कैद र पाँचलाख रुपैयाँसम्म जरिवाना हुने,
- अपहरण गर्ने वा शरीर बन्धक लिनेलाई सात वर्षदेखि दश वर्षसम्म कैद र सत्तरी हजार देखी एक लाख रुपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

यस अंक भित्र : २ पृष्ठमा : मजदूरीका लागि भारत ... ३ पृष्ठमा : क्यानद्वारा क्रिकेट खेलाडीको ... ३ पृष्ठमा शष्ट्रङ्घको महासभा यस...

## सिरहा कारागारका ५९९ मध्ये ५०७ कैदीबन्दीमा संक्रमण पुष्टि

लहान, ७ असोज (रासस) ।

एकैपटक ५०७ कैदीबन्दीमा कोरोना सङ्क्रमण पुष्टि भएपछि समस्यामा परेको सिरहा कारागारलाई एक सामाजिक संस्थाले स्वास्थ्य सुरक्षा सामग्री सहयोग गरेको छ ।

४१औँ सामाजिक सेवा दिवसको अवसरमा मुक्ति नेपाल संस्थाले कारागारका सङ्क्रमित कैदीबन्दीका लागि स्वास्थ्य सुरक्षा सामग्री सहयोग गरेको हो ।

मुक्ति नेपालका अध्यक्ष श्याम साहले कैदीबन्दीका लागि एक हजार थान मास्क, एक लिटर स्यानिटाइजर र महिला कैदीबन्दीका लागि २० थान झुल कारागार प्रमुख बबिता महतोलाई हस्तान्तण गर्नुभयो । एकैपटक अधिकांश कैदीबन्दीमा कोरोना सङ्क्रमण देखिएपछि केही सहयोग होस् भन्ने उद्देश्यका साथ प्रमुख जिल्ला अधिकारी प्रदीपराज कँणेलको उपस्थितिमा उक्त सामग्री हस्तान्तरण गरिएको अध्यक्ष साहले जानकारी दिनुभयो ।

कूल १२५ कैदीबन्दीको क्षमता रहेको सो कारागारमा हाल ५९९ कैदीबन्दी छन् । कारागारमा रहेका ५९९ कैदीबन्दीमध्ये हालसम्म ५०७ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको कारागार प्रशासनले जनाएको छ । एकैपटक ५०० भन्दा बढी कैदीबन्दीमा कोरोना सङ्क्रमण भएपछि व्यवस्थापनमा कठिनाइ भइरहेको कारागार प्रमुख महतोको भनाइ छ । सङ्क्रमित सबैलाई कारागारभित्रै राख्नुपर्ने बाध्यताका कारण जोखिम बढेको छ ।

"कारागारमा रहेका बाँकी ९२ कैदीबन्दीमा कोरोना सङ्क्रमण देखिएको छैन", कारागार प्रमुख महतोले भन्नुभयो, "सङ्क्रमित कैदीबन्दीलाई कारागारमै राखिएका कारण बाँकी कैदीबन्दीमा पनि सङ्क्रमित हुने जोखिम बढेको छ ।" सङ्क्रमित कैदीबन्दीलाई सुरक्षित आइसोलेसनमा राख्नुपर्नेमा सरकारबाट निर्देशन नआउँदा कारागारभित्रै राख्नुपर्ने बाध्यता रहेको उहाँको कथन छ । एकैपटक ठूलो सङ्ख्यामा कैदीबन्दी सङ्क्रमण देखिएपछि सङ्क्रमितलाई दिनुपर्ने रोग प्रतिरोधात्मक तथा पोषणयुक्त खानाको व्यवस्था मिलाउन समस्या भइरहेको उहाँले बताउनुभयो ।

## भन्सार छलेको रेडिमेड कपडा, गरगहनासहित एक पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ७ असोज ।**

प्रहरी गस्ती टोलीले भारतबाट नेपालतर्फ अबैध रुपमा भन्सार छलि ल्याउँदै गरेका विभिन्न रेडिमेड कपडा तथा गरगहनासहित एक व्यक्ति र दुई मोटरसाइकललाई नियन्त्रणमा लिएको छ ।

जिल्लाको विभिन्न स्थानहरुबाट भन्सार छलेर ल्याउँदै गरेको अन्दाजी ७० हजार ५ सय १० मुल्य बराबरको सामान तथा सामान ओसारपोसारमा प्रयोग भएको स.६प. ७३९ र को.१०प. २६२१ नम्बरको मोटरसाइकल प्रहरीले नियन्त्रणमा लिएको हो ।

प्रहरीले सामान, मोटरसाइकलसहित राजविराज नगरपालिका १२ निवासी ३० वर्षिय राजिब यादब समेतलाई पक्राउ गरेको प्रहरीले जनाएको छ ।

यता नियन्त्रणमा लिइएका सामानहरुमा रेडिमेट कपडाहरु १ सय ६२ थान, रेडिमेड मंगलसुत्र ३६ थान, रेडिमेड पायल १६ थान, मोतीको हार १० प्याकेट, नाकको फुली ६ प्याकेट तथा व्यक्ति र मोटरसाइकलसमेतलाई राजविराज भन्सार कार्यालयमा बुझाएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## चार सैनिक जवानमा कोरोना संक्रमण

**दैनिक समाचारदाता**
**राजविराज, ७ असोज ।**

राजविराजस्थित नेपाली सेनाको भिमदल गणका ४ सैनिक जवानमा बुधबार कोरोना संक्रमणको पुष्टि भएको छ ।

योसँगै सप्तरीमा कोरोना संक्रमितको संख्या १ हजार २ सय ८ पुगेको छ ।

भिमदल गणका ३५, ३४, ३६ र २६ वर्षिय जवानमा कोरोना संक्रमणको पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

यता संक्रमित मध्ये ११ जनाको मृत्यु भएको छ ।

भर्ना खुल्यो ! भर्ना खुल्यो !!

सगरमाथा अञ्चलको एक मात्र
ओभरसियरी क्याम्पस
( CTEVT बाट मान्यता प्राप्त )

डिप्लोमा इन कम्प्यूटर इन्जिनियरिङ्ग
(३ बर्षे)

न्यूनतम योग्यता : S.L.C. उत्तीर्ण तथा S.E.E. परीक्षामा अनिवार्य– गणित र विज्ञान विषयमा C ग्रेड र अंग्रेजीमा न्यूनतम D+ ग्रेड, प्राप्तसम्म वा S.E.E. मौका परीक्षामा सामेल हुने विद्यार्थीहरुले पनि फाराम भर्न पाउने छ ।
फारम भर्ने अन्तिम मिति : २०७७ असोज १४ गते सम्म ।

सम्पर्क :
सफटेक इन्जिनियरिङ्ग कलेज
रुपनी रोड, राजविराज–८ (सप्तरी)
फोन नं.–०३१–५२०८३९, मो.नं. ९८०४७०१४२१, ९८२४७२०३९८

भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।
V-JTA भेटनरी जे.टी.ए. १८ महिने

हाम्रा बिशेषताहरु –
- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

फारम बितरण मिति : २०७७/५/३० गतेदेखी
फारम बुझाउने अन्तिम मिति : २०७७/६/१९

जगदम्बा मेडिकल इन्स्टिच्यूट
राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक
फोन नं. ०३१-५२१४७८
मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु →
जनज्योति कृषि सहकारी संस्था लि.
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit · WESTERN UNION MONEY TRANSFER · Best Remit Quick & Easy · Prabhu Money Transfer · City Express · IME International Money Express · IME pay · himal remit हिमालरेमिट · CG Money · MoneyGram money transfer

## सम्पादकीय

# सबै थोकमा मुल्य बृद्धि

कोरोना महामारीका कारण विगत ६ महिनाको लकडाउन पश्चात् अहिले बजार पूर्ण रुपले खुलिसकेको छ । लकडाउन अवधीमा दैनिक उपभोग्य सामानहरुको मुल्य सामान्य रहेकोमा अहिले लकडाउन खुलेपछि सामानहरुको मुल्य एक्कासी बृद्धी भएको छ । अतिआवश्यक सामानहरुको मुल्य भने पहिलोको भन्दा दोब्बर नै भएको छ भने तरकारी तथा चामलहरुको मुल्य भने पसल पिच्छै फरक फरक पाइएको छ । ६ महिनासम्मको बन्दाबन्दीका कारण उपभोक्ता अहिले निकै तनावमा छन् । तर, व्यापारीहरुले ६ महिनाको बन्दाबन्दीको कारण देखाउँदै सबै उपभोक्ताबाटै असुल उपर गर्ने दाऊमा छन् ।

यस्तै हरियो सब्जीको मुल्य भने झण्डै तेब्बर नै भएको छ । ३० रुँपैयामा पाइने तरकारी अहिले ८० देखी १०० रुँपैयासम्म पर्दछ । यसरी सबै तरकारीको मुल्य झण्डै १०० रुँपैयाको हाराहारीमा रहेको छ । बन्दाबन्दीले गर्दा आम्दानीको श्रोत बन्द भएको अवस्थामा सबै थोक खुलेपनि बिस्तारै आम्दानीमा बृद्धि हुने हो । तर, सबै क्षेत्रबाट उपभोक्ता नै मारमा पर्ने गरेका छन् । यतीमात्र नभएर अन्य दैनिक उपाभोग्य सामाग्रिहरुको मुल्य पनि आकाशिएको छ । यस्तो अवस्था कुनै निकायले यसप्रति चासो देखाउन सकेको छैन् ।

यस्तो अवस्थामा जनप्रतिनिधीहरुको उपस्थिति भने शुन्य रहेको छ भने स्थानिय प्रशासन मौन छ । तसर्थ बजारको अनुगमन तथा त्यसको निरिक्षण गर्ने कार्यलाई सम्बन्धीत निकायले गम्भिरतापूर्वक लिनुपर्ने हुन्छ । जसले गर्दा आमउपभोक्तालाई बन्दाबन्दीपछि थोरै भएपनि राहत मिलोस् ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# मजदूरीका लागि भारत जानेको लर्को

सर्लाही, ७ असोज (रासस) ।

कोराना भाइरस फैलिएसँगै पाँच महिना पहिले नेपाल प्रवेश गरेका सर्लाहीवासी मजदुरी गर्न फेरि भारत जान थालेका छन् ।

स्वदेशमा रोजगारीको अभावले हातमुख जोर्ने समस्या भएपछि उनीहरू भारततर्फ जान लागेका हुन् । खुला सीमा नाकाका कारण यहाँका स्थानीवासी रोजगारीका लागि दैनिक सयौंको सङ्ख्यामा भारततर्फ गइरहेका छन् ।

रोगको डरले स्वदेश फर्केका नेपालीहरू अहिले भोकको पीडाले फेरि भारत पस्न बाध्य छन् । नेपालमा लकडाउन भएसँगै नेपाल भित्रिएका उनीहरू पाँच महिना आफ्नै देशमा बसेपछि पछिल्लो समय खान लाउन र दैनिक गुजारा गर्न समस्या भएपछि भारत पस्न बाध्य भएका हुन् । भारतमा फैलिरहेको कोरोनासँग मनमनै डर लागिरहेको भएपनि एक छाक टार्न र परिवार पाल्नका लागि भएपनि रोजगारीका लागि भारत गइरहेको नेपालीहरू सीमाक्षेत्रमा भेटिएको स्थानीयवासी उमाशंकर साहले बताउनुभयो ।

जिल्लाका अधिकांश नागरिक वर्षको करिब नौ महिना भारतका विभिन्न स्थानमा गएर काम गर्ने र भएको कमाइले बाँकी तीन महिना आफ्नो गाउँमा बसेर खाने गर्दछन । "चाडपर्वको समयमा आफ्नो गाउँ फर्किने र अरु समयमा भारतमै मजदुरी गरी बस्ने गरेको मजदूर विनय महतोले बताउनुभयो । "नेपाल काम गर्दा ज्याला पनि थोरै हुन्छ, काम पनि लामो समयसम्म गर्न पाइदैन", उहाँले भन्नुभयो, "छोराछोरी पाल्नै पर्यो, घर व्यावहार चलाउनै पर्यो । अहिले गएर दुई महिना काम गरेपछि दिपावली मनाउन खर्च पुग्छ ।"

जिल्लाका प्रायः सबै स्थानीय तहबाट सयौंको सङ्ख्यामा नेपालीहरू कामको खोजीमा भारतका विभिन्न राज्यमा जान शुरु गरिसकेको गोडैता नगरपालिकाका प्रमुख देवेन्द्र राय यादवले बताउनुभयो । उहाँका अनुसार गोडैताबाट करिब चार सय नेपाली रोजगारीका लागि भारत गएका छन् । नेपाली कामदार लिन भारतका विभिन्न स्थानबाट रिजर्भ बसहरू सीमावर्ती बजारका बस पार्कमा आएर बस्ने गरेका छन् । ती बसहरूमा करिब ४ हजार ५ सयसम्म भाडा तिरेर मजदूरहरू काम गर्ने स्थलतर्फ जान थालेका छन् ।

सीमावर्ती क्षेत्रमा पर्ने बलरा नगरपालिकाबाट पनि रोजगारीका लागि भारत जानेहरूको लर्को रहेको नगर प्रमुख अभयकुमार सिंहले जानकारी दिनु भयो । स्थानीय स्तरमा रोजगारी उपलब्ध नभएकाले कोरोना सङक्रमणकै बीचमा पनि उनीहरू भारत जान बाध्य छन् । जिल्लाबाट मजदूरीका लागि नेपालीहरू भारतको पञ्जाब, दिल्ली, मुम्बई र सुरतमा जाने गरेका पाइएको छ ।

# सञ्चार उद्यमी सङ्गठित, राजकर्णिकारको अध्यक्षतामा समिति

काठमाडौँ, ७ असोज (रासस) ।

मिडियामा देखिएको समस्या समाधान गर्ने उद्देश्यसहित निजी क्षेत्रका सञ्चार उद्यमी सङ्गठित भएका छन् । देशभरका मिडिया सञ्चालकको साझा संस्था निर्माण गर्ने लक्ष्यसहित ठूला मिडियाका केही सञ्चार उद्यमीको भेलाले काठमाडौँमा 'मिडिया एलाइन्स नेपाल' नामक संस्था स्थापना गरेको छ ।

बुधबार काठमाडौँमा पत्रकार सम्मेलन गरी उक्त संस्थाको तदर्थ समिति सार्वजनिक गरिएको छ । एभिन्यूज टेलिभिजनका अध्यक्ष भाष्कर राज राजकर्णिकारको अध्यक्षतामा नौ सदस्यीय तदर्थ समिति गठन गरिएको पत्रकार सम्मेलनमा जानकारी गराइएको थियो ।

सोको उपाध्यक्षमा राजधानी न्यूज पब्लिकेशन प्रालिका अध्यक्ष महेन्द्र शेरचन, माउन्टेन टेलिभिजनका अध्यक्ष राजु कँडेल हुनुहुन्छ । महासचिवमा इमेज च्यानल प्रालिका प्रमुख कार्यकारी अधिकृत लक्ष्मण हुमागाईं हुनुहुन्छ भने कोषाध्यक्षमा इम्प्रेसन पब्लिकेशन तथा मिडिया प्रालिका प्रमुख कार्यकारी अधिकृत उज्ज्वल शर्मालाई चयन गरिएको छ ।

सदस्यमा जनता प्रकाशन तथा प्रसारण लिमिटेडका अध्यक्ष डा विजय पौडेल, प्राइम टेलिभिजनका अध्यक्ष ऋषि धमला, एपिवान टेलिभिजनका प्रमुख कार्यकारी अधिकृत राजेन्द्र शाक्य र नेपाल रिपब्लिका मिडिया प्रालिका प्रमुख कार्यकारी अधिकृत समृद्धि ज्ञवाली रहनुभएको छ ।

सल्लाहकारमा अन्नपूर्ण नेटवर्क प्रालिका अध्यक्ष रामेश्वर थापा र रिपब्लिका मिडिया प्रालिका अध्यक्ष विनोद ज्ञवालीलाई चयन गरेको जनाइएको छ । पत्रकार सम्मेलनमा बोल्दै अध्यक्ष राजकर्णिकारले तीन दशकदेखि सञ्चालित निजी क्षेत्रको मिडियाका लागि स्थापना भएको उक्त संस्था अर्को कालखण्डको प्रारम्भ भएको बताउनुभयो ।

"लगानीकर्ताले घर बेचेर लगानी गर्ने तथा श्रमजीवी पत्रकारले जीवनभर श्रमको लगानी गर्दा पनि मिडिया क्षेत्र समृद्ध हुन सकेन", अध्यक्ष राजकर्णिकारले भन्नुभयो, "त्यसकारण मिडियाको विकास र व्यवसायिकताका लागि संस्थाको स्थापना गर्नुपरेको हो ।" उहाँका अनुसार लामो यात्रा तय गरे पनि मिडिया उद्योग अझै व्यावसायिक बन्न सकेका छैनन् । जुनसुकै बेला कुनै न कुनै मिडिया बन्द हुने अवस्था रहेकाले अहिलेको अवस्थामा सरकारले केही राहत प्याकेज घोषणा गर्न जरुरी रहेको उहाँले बताउनुभयो ।

सार्वजनिक जानकारीअनुसार नेपालको मिडिया क्षेत्रमा झण्डै रु २० अर्ब लगानी छ । नेपालमा वार्षिक रु १२ अर्बको विज्ञापनको कारोबार हुन्छ । व्यवस्थित गर्न सकिए रु २५ अर्बको विज्ञापन कारोबार हुने अवस्था रहेको जानकारी दिँदै अध्यक्ष राजकर्णिकारले तीन वर्षभित्रमा लक्ष्य प्राप्त गर्ने उद्देश्य संस्थाको रहेको बताउनुभयो ।

सम्मेलनमा जारी गरिएको विज्ञप्तिमा सञ्चार उद्यमी र कार्यरत पत्रकार, कर्मचारी तथा कामदारको हकहित संरक्षण, मिडियामा देखापरेका समस्याको एकीकृत समाधान, तटस्थ, निष्पक्ष र जनउत्तरदायी सूचना सम्प्रेषण तथा गुणस्तरीय समाजको निर्माणमा एलाइन्स सक्रिय हुने जनाइएको छ । संस्थामा आबद्ध हुनका लागि भने रेडियोका हकमा एक-एक हजार वाट क्षमता भएको हुनुपर्ने र टेलिभिजनका हकमा स्याटेलाइटमा गएको हुनुपर्ने छ । त्यस्तै पत्रिकाको हकमा राष्ट्रिय दैनिक पत्रिका हुनुपर्ने जनाइएको छ ।

पत्रकार सम्मेलनमार्फत मिडिया एलाइन्स नेपालले विभिन्न ३० बुँदे आफ्ना उद्देश्यहरू सार्वजनिक गर्दै सञ्चार उद्योगलाई सेवा उद्योगको मान्यता दिन पहल गरिने, सञ्चारसम्बन्धी नीति तथा कानून निर्माणमा सञ्चार उद्यमीको हकहित संरक्षणमा पहल गर्ने जनाइएको छ ।

# छठलगत्तै त्रिविका सबै परीक्षा

काठमाडौँ, ७ असोज (रासस) ।

त्रिभुवन विश्वविद्यालय (त्रिवि)ले कोभिड-१९ का कारणले रोकिएका परीक्षा सञ्चालनको तयारी गरेको छ । त्रिवि कार्यकारी परिषद्, परीक्षा सुधार तथा समन्वय परिषद् र केन्द्रिय परीक्षा सञ्चालन समितिको मङ्गलबार बसेको बैठकले छठलगत्तै रोकिएका परीक्षा सञ्चालन गर्न तयारी गर्न सम्बन्धित कार्यालयलाई निर्देशन दिने निर्णय गरेको हो ।

त्रिविले विद्यार्थीलाई पायकपर्ने ठाउँबाट नै परीक्षा दिने वैकल्पिक व्यवस्थासहित छठलगत्तै परीक्षाको तयारी थाल्न निर्देशन दिइएको परीक्षा नियन्त्रण कार्यालय (पनिका)का परीक्षा नियन्त्रक पुष्पराज जोशीले जानकारी दिनुभयो । त्रिविले कोभिड-१९ का कारणले सबै रोकिएका परीक्षा छठलगत्तै गर्ने गरी दशैं अगाडि नै परीक्षाको कार्यतालिका सार्वजनिक गर्न सम्बन्धित डिन कार्यालयलाई पत्राचारसमेत गरिसकेको छ । त्रिविले विद्यार्थी थोरै भएका परीक्षा भने दशैं र तिहारको बीचमा गर्नेसक्ने जनाएको छ ।

"यही अहिलेको स्थितिमा हामी छठपछि परीक्षा लिने तयारीमा रहेको छौँ", उहाँले भन्नुभयो, "स्थिति अहिलेको भन्दा जटिल भयो भने फेरि पनि के गर्ने भन्ने हुन्छ, होइन भने छठपछि सबै परीक्षा हुन्छन् ।" पनिकाले आजै नै सबै डिन कार्यालयलाई परीक्षाको तयारी थाल्नका लागि परिपत्र गर्ने उहाँले जानकारी दिनुभयो ।

त्रिविले भौतिक दूरी र स्वास्थ्यको मापदण्ड तोकेर परीक्षा लिने व्यवस्था गर्ने छ । पनिकाले वार्षिक परीक्षा र सम्बन्धित डिन कार्यालयले सेमेष्टर परीक्षा लिने छन् । त्रिविका रजिष्ट्रार प्रा डा पेशल दाहालले स्थगित भएका सबै परीक्षा सञ्चालन गर्नका लागि तयार गर्न सम्बन्धित कार्यालयलाई निर्देशन दिइसकेको जानकारी दिनुभयो ।

"हामीले सबै सम्बन्धित कार्यालयलाई छठलगत्तै परीक्षा सञ्चालनका लागि आवश्यक तयारी गर्न निर्देशन दिइसकेका छौं", उहाँले भन्नुभयो, "अब चाँडै नै परीक्षाको सञ्चालनको तयारीमा ती कार्यालय जुट्नेछन् । भौतिकरूपमा विद्यार्थीलाई उपस्थित गराएर परीक्षा लिन भनेको छौं ।" त्रिविले अहिले पनि न्यूनसङ्ख्या भएका परीक्षा सञ्चालन गरिरहेको छ । उहाँले फाराम भरेकाको परीक्षा पहिले गर्ने र त्यसपछि अन्य परीक्षा सञ्चालन गरिने बताउनुभयो ।

यसैगरी त्रिविले सेमेष्टरको भर्चुअल परीक्षा गर्नेबारे छलफल गरे पनि अब नगर्ने भएको छ । परीक्षा नियन्त्रक जोशीले केही डिन कार्यालयले सेमेष्टर प्रणाली परीक्षा भर्चुअल गर्ने भने पनि अब विद्यार्थीलाई भौतिक उपस्थिति गराएर परीक्षा गर्ने भएको जानकारी दिनुभयो । कोभिड-१९ का कारणले केही विश्वविद्यालयले खुला किताब (ओपन बुक) गरेर भर्चुअल विधिबाट परीक्षा लिएका छन् ।

रजिष्ट्रार प्रा डा दाहालले माघसम्म सबै परीक्षा सकाएर आगामी फागुन/चैतदेखि पढाइ सञ्चालन गर्ने तयारी रहेको जानकारी दिनुभयो । कोभिड-१९ का कारणले त्रिविका चैतदेखि सञ्चालन हुने सबै परीक्षा स्थगित भएका छन् । अत्यन्तै न्यून भएका परीक्षा भने त्रिविले अहिले पनि भौतिक दूरी कायम राखेर सञ्चालन गरिरहेको छ ।

# क्यानद्वारा क्रिकेट खेलाडीको वर्गीकरण र सम्झौता

भरतपुर, ७ असोज (रासस)।

नेपाल क्रिकेट सङ्घ (क्यान)ले पुरुष र महिला खेलाडीसँग एक वर्षका लागि सम्झौता गरेको छ। भरतपुरमा मङ्गलबार बसेको बोर्ड बैठकले पहिलोपटक महिला खेलाडीलाई वर्गीकरण गर्दै वार्षिक सम्झौता गरेको हो। पुरुषतर्फ १८ र महिलातर्फ १९ खेलाडीलाई 'ए', 'बी' र 'सी' श्रेणीमा वर्गीकरण गरिएको छ।

पुरुषतर्फ ग्रेड 'ए' मा पारस खड्का, ज्ञानेन्द्र मल्ल, सन्दीप लामिछाने, शरद भेषवाकर, करण केसी, वसन्त रेग्मी, दीपेन्द्र सिंह ऐरी र विनोद भण्डारी परेका छन्। ग्रेड 'बी' मा सुसन भारी, सोमपाल कामी, आरिफ शेख र पवन सराफ परेका छन भने ग्रेड 'सी' मा सुवास खकुरेल, रोहित पौडेल, कुशल मल्ल, रासिद खान, अविनाश बोहरा र कमल सिंह ऐरी रहेका छन।

यस्तै महिलातर्फ ग्रेड 'ए' मा रुविना क्षेत्री, नेरी थापा, इन्दु बर्मा, सीता रानामगर र करुणा भण्डारी छनोट भएको क्यानका अध्यक्ष चतुरबहादुर चन्दले राससलाई जानकारी दिनुभयो। उहाँका अनुसार ग्रेड 'बी' मा ज्योति पाण्डे, अप्सरी बेगम, रोमा थापा, बिन्दु रावल, कविता जोशी, रितु कनौजिया, काजल श्रेष्ठ र सरिता मगर परेका छन्। यस्तै ग्रेड 'सी' मा कविता कुँवर, डोली भट्ट, अनुराधा चौधरी, सोनु खड्का, अञ्जली चन्द र शोभा आले परेका छन्।

पुरुषतर्फ 'ए' श्रेणीमा पर्ने खेलाडीले मासिक रु ५० हजार, 'बी' श्रेणीका खेलाडीले मासिक रु ४० हजार र 'सी' श्रेणीमा पर्ने खेलाडीले मासिक रु ३० हजार पारिश्रमिक पाउने अध्यक्ष चन्दले राससलाई जानकारी दिनुभयो। यस्तै पहिलोपटक वर्गीकरणमा परेका महिला खेलाडीहरूको पनि पारिश्रमिक तोकिएको छ। 'ए' श्रेणीमा पर्ने खेलाडीले मासिक रु १५ हजार, 'बी' श्रेणीका खेलाडीले मासिक रु१२ हजार र 'सी' श्रेणीमा पर्ने खेलाडीले मासिक रु१० हजार पारिश्रमिक पाउने छन्। अध्यक्ष चन्दले भन्नुभयो, "पहिलोपटक हामीले महिला खेलाडीको पनि सम्झौता गरेका छौं, यो सुखद शुरुआत हो।" यसअघि पुरुष खेलाडीले सन् २०१९ मा रु ४५ हजार, ३५ हजार र २५ हजार पारिश्रमिक पाएका थिए। क्यानले तोकेको तलब रकम खेलाडीहरूले जनवरी २०२० देखि नै पाउने छन्।

क्यानले यही असोजभित्र वार्षिक साधारणसभा गर्ने निर्णय गरेको छ। अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसीसी)को प्रावधान अनुसार असोजभित्रै वार्षिक साधारणसभा गर्नुपर्ने भएकाले असोज २८ गते भर्चुअल माध्यमबाट साधारणसभा गर्ने निर्णय भएको हो। "परिस्थितिले अनुमति दिए भौतिकरूपमै उपस्थित भएर साधारणसभा गर्छौं, नभए भर्चुअलबाट गर्ने निर्णय भएको छ", अध्यक्ष चन्दले भन्नुभयो।

यस्तै क्यानले आव २०७१/०७२ देखि ०७५/०७६ सम्मको लेखापरीक्षण प्रतिवेदन पास गरेको छ। क्यान निलम्बनमा परेको बेला सो समयको लेखापरिक्षण भएको थिएन। निर्वाचित क्यान आएर आइसीसीले फुकुवा गरेपछि बोर्ड बैठकले लेखापरीक्षण प्रतिवेदन पारित गरेको हो।

त्यस्तै कोरोना कहरका बीच बन्द प्रशिक्षणका लागि क्यानले सरकारसँग अनुमति माग्ने निर्णय गरेको छ। राष्ट्रिय खेलकुद परिषद्सँग समन्वय गर्दै बन्द प्रशिक्षणको वातावरण तयार पार्नका लागि पहल गर्ने निर्णय भएको अध्यक्ष चन्दले बताउनुभयो। आइसीसीको प्रावधानअनुसार मङ्सिर महिनाभित्रै राष्ट्रिय क्रिकेट प्रतियोगिता गर्न सरकारसँग अनुमति माग्ने निर्णयसमेत गरिएको छ। मङ्सिरभित्र पुरुष र महिला प्रधानमन्त्री कप क्रिकेट प्रतियोगिताको लागि समन्वय गर्ने निर्णय क्यानले गरेको हो।

नेपाललाई एकदिवसीय मान्यता दिलाउन महत्वपूर्ण भूमिका खेलेका क्रिकेट प्रशिक्षक जगत टमाटालाई पनि 'ए' ग्रेडका खेलाडीले पाउने तलब रकम उपलब्ध गराउने निर्णय क्यानले गरेको छ। सन् २०१७ र २०१८ मा आइसीसीले प्रशिक्षक टमाटालाई 'सी' ग्रेडमा राखेको थियो। क्यानले उहाँलाई ग्रेड 'ए' मा राख्दै दुई वर्षको तलब दिने निर्णय गरेको हो।

यस्तै कर्णाली प्रदेशमा क्रिकेट विकासका लागि केन्द्रीय सदस्य पदम खड्कालाई संयोजकको जिम्मेवारी दिइएको छ। यस प्रदेशमा एउटा मात्रै जिल्ला सुर्खेतमा क्यानको शाखा रहेको छ। यस्तै केही दिनअघि मोटरसाइकल दुर्घटनामा घाइते भएका क्रिकेटर ललितसिंह भण्डारीको क्यानले शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ। भण्डारीको परिवारसँग, उनी आबद्ध नेपाल प्रहरी र दुर्घटना गराउने गाडीका धनीसँग छलफल गरी आवश्यक सहयोग गर्ने निर्णय गरेको छ।

क्यानले सम्झौता गरेका खेलाडीको जीवन बीमाका लागि तीन सदस्यीय समिति पनि गठन गरेको छ। कोषाध्यक्ष रोशन सिंह, सदस्यहरू दुर्गा पाठक र छुम्बी लामा सम्मिलित तीन सदस्यीय समितिले पुरुष र महिला खेलाडी, ग्राउन्ड स्टाफ, अफिस स्टाफहरूको एक वर्षको जीवन बिमा गर्नेछ। यस्तै विश्वकप क्रिकेटमा उत्कृष्ट ठहरिएका तत्कालीन कप्तान पारस खड्कालाई आइसीसीले उपलब्ध गराउने भनेको टोयोटा कारका लागि क्यानले पहल गर्ने निर्णयसमेत गरेको छ।

# एनसेलले ल्यायो टिकटक र फेसबुकका आकर्षक प्याकहरु

**दैनिक समाचारदाता**
**काठमाडौं, ७ असोज।**

एनसेलका ग्राहकले अब थप विकल्पहरुका साथ लोकप्रिय सामाजिक सञ्जाल टिकटक र फेसबुकको ननस्टप मजालिन सक्ने जनाएको छ।

एनसेल आजियाटा लिमिटेडले आफ्ना ग्राहकका लागि ननस्टप अफरहरु अन्तर्गत थप विकल्प प्रदान गर्दै टिकटक र फेसबुक प्याकमा एक दिन र ३० दिनको आकर्षक योजना ल्याएको हो।

'प्लस' थिम अन्तर्गत फोरजी ग्राहकलाई ध्यानमा राखी ल्याइएका यी नयाँ प्याकहरु असोज ७ देखि संचालनमा आएका छन्। 'प्लस' थिमले नवीन र विशेष सेवाहरुको साथ ग्राहकलाई हरेक पल जहाँ भएपनि सेवामा पहुँच सुनिश्चित गराउने उद्देश्य लिएको एनसेलले जनाएको छ।

ग्राहकले आफ्नो आवश्यकता अनुसार एक दिन वा ३० दिनको समय सिमा रहेका यी प्याकहरु सजिलै सुचारु गरी सुलभ दरमा यी सामाजिक सञ्जालहरुको प्रयोगबाट मजालिन सक्छन्। ग्राहकले मात्र रु २५ (कर सहित रु ३१.९२) मा एक दिनको टिकटक वा फेसबुक प्याक सुचारु गर्न सक्छन्।

त्यस्तै ग्राहकले मात्र रु ३६० (कर सहित ४५९.६८) मा ३० दिनको समयावधि रहेको टिकटक वा फेसबुक प्याक लिई आफुले लिएको प्याकको समय सिमा बाँकी रहेसम्म ननस्टप रुपमा यसको फाइदा लिन सक्छन्। यति मात्र नभई, यो ३० दिनको प्याकलिने ग्राहकले अन्य प्रयोजनका लागि इन्टरनेट चलाउन थप ६ जीबी डेटा बोनस स्वरुप प्राप्त गर्दछन्।

ननस्टप अफर अन्तर्गत लोकप्रिय एपमा आधारित भई ल्याइएका यी नयाँ आकर्षक प्याकहरुले फोरजी ग्राहकहरुलाई सुलभ दरमा उनीहरुको प्राथमिकतामा रहेका सामाजिक सञ्जालमा ननस्टप पहुँच प्रदान गर्ने भएकाले ग्राहकका लागि यसले ठूलो महत्व राख्ने विश्वास एनसेलले लिएको छ। ननस्टप अफरहरु अन्तर्गत एनसेलले सात दिनको समय सिमा रहेको ननस्टप टिकटक, फेसबुक वा युट्युब प्याक मात्र रु १०० (कर सहित रु १२७.६९) मा र युट्युब र फेसबुकको कम्बो प्याक रु १५० (कर सहित रु १९१.५४) मा प्रदान गर्दै आएको छ। यसै योजनामा ग्राहकले सात दिनको प्याकमा ४ जीबी र ३० दिनको प्याकमा ६ जीबीथप डेटा इन्टरनेटमा अन्य प्रयोजनका लागि प्रयोग गर्न बोनसको रुपमा पाउदै आएका छन्।

साथै सात दिनवा ३० दिनको ननस्टप प्याक खरिद गर्ने ग्राहकका लागि विषेश थप योजना पनि रहेको छ। यी प्याक सुचारु गर्ने ग्राहकले हरेक दिन ५०० एमबीको दरले ७दिन सम्म मात्र रु २० (कर सहितमात्र २५.५४) मा ३५०० एमबी थपफोरजी डेटालिन सक्छन्। उक्त डेटा ग्राहकले टिकटक, फेसबुकवा युट्युब चलाउनको लागि प्रयोग गर्न सक्छन्।

आफ्नो नयाँ थिम 'प्लस' अन्तर्गत नै रही एनसेलले वायर फ्री प्लस वाइफाइ, आफ्ना फोरजी ग्राहकका लागि आकर्षक ननस्टप युट्युब प्लसका साथै एण्डलेस कुराकानी प्लस, नयाँ सजिलो सिम र अल्ट्रा वाइफाइ सिम प्लस योजनाहरु ल्याइसकेको छ र ग्राहकका लागि अझै धेरै सेवाहरु ल्याउँदै जाने जनाएको छ।

## क्रिकेट खेल्दाखेल्दै अवस्थामा फरार प्रतिवादी पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ७ असोज।**

महोत्तरी प्रहरीले एक फरार प्रतिवादीलाई क्रिकेट खेल्दाखेल्दै अवस्थामा पक्राउ गरेको छ।

हातहतियार तथा डकैती मुद्दाका फरार महोत्तरीको गौशाला नगरपालिका ६ बस्ने ३० वर्षीय सतेन्द्रकुमार यादव छन्।

प्रदेश २ प्रहरी कार्यालय जनकपुरधामका अनुसार उनी मुन्ना, छोडका र बण्ठा उपनामबाट समेत चिनिने गरेका छन्।

प्रहरीले गौशाला नगरपालिका ५ स्थित मरहा खोला किनारमा क्रिकेट खेल्दै गरेको समयमा उनलाई पक्राउ गरेको जनाएको छ।

प्रदेश प्रहरी कार्यालयका प्रवक्ता एसपी कृष्ण प्रसाईंका अनुसार पक्राउ परेका यादव महोत्तरी र सर्लाही जिल्लाका बिभिन्न घट्नामा संलग्न रही फरार रहेका थिए।

उनलाई मंगलबारै पीसीआर टेस्ट गराई जिल्ला प्रहरी कायालय महोत्तरीमा राखिएको र जिल्ला अदालतमा पेश गरिएको जनाइएको छ।

# विश्व समाचार

## राष्ट्रङ्घको महासभा यस पटक बन्यो अपूर्व महासभा

संयुक्त राष्ट्रसंघ, ७ असोज (रासस/सिन्ह्वा)।

संयुक्त राष्ट्रसंघको यस बर्षको महासभा अपूर्व महासभा बनेको छ। कोरोनाभाइरसको महामारीका कारण राष्ट्रसंघको इतिहासमै अहिलेसम्म नभएको अनौठो महासभा अहिले भएको हो।महासभामा सहभागीहरु नआउने र उनीहरुले भिडियो मार्फत् सम्वोधन गर्ने व्यवस्था गरिएकाले अहिले महासभास्थल सुनसान रहेको छ। तर महासभा भने विद्युतीय माध्यम मार्फत् सञ्चालन भइरहेको छ।

महासभामा विश्वभरका नेताहरुले सम्बोधन गर्ने, एक अर्कालाई भेट्ने, छलफलहरु गर्ने, सम्बन्ध बलियो बनाउने तथा सुधार्ने प्रयास गर्ने हुँदै थियो। तर अहिले भने भौतिक उपस्थिति जनाउन नसकेपछि औपचारिकताका लागि भिडियो सम्बोधन मात्रै भएको छ।

महासभा चलिरहेका बेला राष्ट्रसंघको न्यूयोर्कस्थित मुख्यालय परिसरमा सुरक्षा व्यवस्था अत्यन्त चुस्तदुरुस्त राख्नका लागि ठूलो संख्यामा सुरक्षाकर्मीहरु परिचालन गरिने गरेको भएपनि अहिले भने निकै थोरै मात्रै सुरक्षाकर्मीहरु देखिएका छन्।राष्ट्रसंघ मुख्यालय वरीपरीको अहिलेको अवस्था हेर्दा महासभा चलिरहेको बेलाको जस्तो नदेखिएर अन्य सामान्य अवस्थाको बेला जस्तो देखिएको छ। यहाँ अहिले केही सुरक्षाकर्मी, केही कर्मचारी र अलिअलि पत्रकारहरु मात्रै देखिने गरेका छन्।

राष्ट्रसंघको महासभा भइरहेको बेला मुख्यलय रहेको न्युयोर्क शहरकै चहल पहल फरक हुने गरेको स्थानीयको अनुभव छ। महासभा चलिरहेका बेला विश्वभरका नेताहरुको ध्यानाकर्षण गर्न धेरै प्रदर्शनहरु हुने र विभिन्न प्रदर्शनीहरु पनि चलाइने गरिन्थ्यो। सभा हलमा विश्वका नेताहरुको अनुपस्थिति विना पनि महासभा होला भन्ने यसअघि कहिल्यै अपेक्षा तथा अनुमान गरिएको थिएन।

झण्डै सात हेक्टर क्षेत्रफलमा फैलिएको मुख्यालयको पूर्वी नदीमा कुनै सुरक्षा डुंगाहरु छैनन्। खटाइएका केही सुरक्षाकर्मीलाई पनि कुनै हतारो र दौडधुप छैन। अहिले चलिरहेको ७५औं महासभामा सहभागिताका लागि हस्ताक्षर गर्न कोही नेता नआए पनि भाषणहरु भने चलि नै रहेको छ।

राष्ट्रसंघले महासभाका लागि दिइने मन्तव्य पहिले नै आफनै देशमा भिडियो रेकर्ड गरेर पढाउन आह्वान गरेको थियो। सोही आह्वान अनुसार पठाइएका भिडियो रेकर्ड भएको भाषण अहिले प्रसारण गर्दै महासभा चलिरहेको छ।महासभा संचालन हुने हलमा कोही मानिस नै नभएका चाहिं होइनन्, त्यहाँ झण्डै दुई सय मानिस भने रहेका छन्। जबकी अघिल्ला बर्षहरुमा त्यही हलमा झण्डै २५ सय मानिस हुने गरेका थिए।

अहिले हलमा रहेकाहरु पनि सामाजिक दुरी कायम गर्ने, मास्क अनिवार्य लगाउनेलगायतका आधारभूत स्वास्थ्य मापदण्ड अपनाउनु पर्ने नियम बनाइएको छ। मुख्यालय वरीपरी व्यापार व्यवसाय गर्दै आएकाहरुले पनि अहिले राम्रो व्यापारको मौका गुमेको गुनासो गरेका छन्। आफूलाई मारिया नाम बताउने एक स्थानीय व्यवसायीले अघिल्लो बर्षको स्मरण गर्दै भन्नुभयो, "अघिल्लो बर्ष यहाँ अति धेरै मानिसहरु आएका थिए, अहिले त एक जना मात्रै ग्राहक छन्।"

महासभा चलिरहेका बेला आफू अत्यधिक व्यस्त हुने गरेपनि अहिले कुनै काम नभएझैं फुर्सदिलो भएको पनि उहाँले बताउनुभयो।उहाँ जस्ते अरु पनि धेरै व्यवसायीहरुले पहिलाको जस्तै चहल पहल र कारोबार कहिले होला भनेर प्रतिक्षा गरिरहेको देखिएको छ।

## नाभाल्नी जर्मन अस्पतालबाट डिस्चार्ज

बर्लिन, ७ असोज (रासस-एपी)।

रुसका विपक्षी नेता अलेक्सी नाभाल्नीको उपचार गरिरहेको जर्मनीको एक अस्पतालले नाभाल्नीको स्वास्थ्यमा सुधार आएको भन्दै अस्पतालबाट ३२ दिनपछि डिस्चार्ज गरेको छ।

नाभाल्नीलाई खानामा नोभिचोक नामको रसायन मिसाएर खुवाइएपछि बेहोस अवस्थामा जर्मनीको च्यारिटी अस्पतालमा भर्ना गरिएको थियो।

अस्पतालले नाभाल्नीको उपचारमा संलग्न फिजिसियनले स्वास्थ्य अवस्था पूर्णरुपमा सुधार भएको जनाएको छ। तर चिकित्सकहरुले विषको दिर्घकालीन असरका बारेमा अहिल्यै बताउन कठिन रहेको बताएका छन्। रुसी राष्ट्रपति भ्लादिमिर पुटिनका कट्टर आलोचक मानिने ४२ वर्षीय नाभाल्नीलाई रुसको आन्तरिक उडानका क्रममा गत अगष्ट २० मा अचेत भएपछि दुई दिनपछि थप उपचारका लागि जर्मनी ल्याइएको थियो।

जर्मनीका रासायनिक हतियार विज्ञहरुले नाभाल्नीलाई सोभियतकालीन रासायनिक विषाक्त नोभिचोक खुवाएको दाबी गरेका छन्। रसियाले नाभाल्नीमाथि रासायनिक तत्व नोभिचोक खुवाइएको बारेमा विस्तृत विवरण रसियालाई उपलब्ध गराउन जर्मनीसमक्ष आग्रह गरेको छ। नाभाल्नीमाथि भएको भनिएको आक्रमणलाई लिएर रसिया र पश्चिमा राष्ट्रबीच आरोपप्रत्यारोप जारी छ।

## अफगानिस्तानको लोगार प्रान्तमा २५ आतंककारीको मृत्यु

लोगार, ७ असोज (रासस-एएनआई)।

अफगानिस्तानको पूर्वी लोगार प्रान्तमा प्रहरी कारबाहीमा पछिल्लो २४ घण्टामा २५ जना आतंककारीको मृत्यु भएको प्रहरीले जनाएको छ। प्रहरीसँगको भिडन्तमा अरु १८ जना घाइते भएका छन्। प्रान्तीय प्रहरी प्रवक्ता शापुर अहमदजाईले हतियारधारी समूहले बाराकी बाराक जिल्लाको प्रहरी जाँच चौकीमा आक्रमण गरेपछि प्रहरीले जवाफी कारबाही गरेको बताउनुभयो।

प्रहरीले विद्रोहीबाट हातहतियार पनि बरामद गरेको थियो। अफगानिस्तानको मुख्य विद्रोही समूह तालिबानले भने उक्त घटनाका बारेमा केही प्रतिक्रिया दिएको छैन।

# तत्कालका लागि गौतमलाई थप संवैधानिक जिम्मेवारी दिन रोक

काठमाडौं, ७ असोज (रासस)।

सर्वोच्च अदालतले नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का उपाध्यक्ष वामदेव गौतमलाई थप संवैधानिक जिम्मेवारी दिन र लिन नपाउने गरी अन्तरिम आदेश जारी गरेको छ । न्यायाधीश डा आनन्दमोहन भट्टराईको एकल इजलासले बुधबार जारी गरेको आदेशमा विषयवस्तुको गाम्भीर्य एवम् संवैधानिक महत्वलाई दृष्टिगत गर्दै निवेदनको अन्तिम टुङ्गो नलागेसम्म यथास्थितिमा राख्नू भनिएको छ ।

"विषयवस्तुको गाम्भीर्य एवम् संवैधानिक महत्वलाई दृष्टिगत गर्दै प्रस्तुत विवादमा अन्तरिम आदेश जारी हुने वा नहुने विषयको टुङ्गो नलागेसम्म यो विषयलाई यथास्थितिमा राख्नु आवश्यक देखिँदा विपक्षी नं ५ गौतमको हकमा थप संवैधानिक जिम्मेवारी दिने, लिने कार्य नगर्नू, नगराउनू", आदेशमा भनिएको छ, "सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ ९२० ख बमोजिम विपक्षीहरुका नाममा यो अन्तरिम आदेश जारी गरिएको छ ।"

राष्ट्रपति कार्यालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, राष्ट्रियसभा सचिवालय, नेपाल कम्युनिष्ट पार्टी (नेकपा) र गौतमलाई विपक्षी बनाई वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीले मङ्गलबार नेता गौतमलाई राष्ट्रियसभामा मनोनीत गर्ने राष्ट्रपति कार्यालयले गत भदौ २९ गरेको निर्णय बदर गर्न माग गर्दै रिट निवेदन दायर गर्नुभएको थियो । सोही निवेदनमाथिको प्रारम्भिक सुनुवाइबाट अदालतले सभासद् गौतमलाई संवैधानिक जिम्मेवारी दिने र लिने काम नगर्न अन्तरिम आदेश जारी गरेको हो ।

"वर्तमान संविधान जारी भएपछि यस्तो प्रकृतिको संवैधानिक विवाद पहिलो पटक यस अदालतमा प्रस्तुत गरिएकोबाट यसको निरुपण संविधानवाद, सार्वभौम जनताप्रतिको उत्तरदायित्व, लोकतान्त्रिक विधि, सुशासन, संवैधानिक नीति एवम् संवैधानिक नैतिकताका सिद्धान्त समेतलाई दृष्टिगत गरी दीर्घकालसम्म स्थायी संवैधानिक मान्यता कायम हुने गरी गरिनुपर्छ", आदेशमा भनिएको छ ।

नेपालको संविधानले अङ्गीकार गरेको बहुदलीय लोकतान्त्रिक शासन व्यवस्थामा गम्भीर संवैधानिक व्यवस्थाको प्रश्न उत्पन्न हुन आएको देखिएको आदेशमा उल्लेख छ । सङ्घीय सदनको योग्यता वा अयोग्यतासम्बन्धी विषयको सुनुवाइ संवैधानिक इजलाशबाट हुने छ । यही असोज १४ गते अन्तरिम आदेशलाई निरन्तरता दिने वा नदिने भन्ने विषयमा सो इजलाशमा छलफल हुने छ ।

उक्त विषयमा वरिष्ठ अधिवक्ता त्रिपाठी, नानीबाबु दाहाल, हरिप्रसाद उप्रेती तथा अधिवक्ता भद्रप्रसाद नेपाल (स्वागत), सरोजकृष्ण घिमिरे, आनेन्द्रराज आरणलगायतले बहस गर्नुभएको थियो । तत्कालका लागि नेता गौतमलाई राष्ट्रियसभा सदस्यमा मनोनीत गर्ने राष्ट्रपतिको निर्णय यथास्थतिमा राख्ने आदेशसँगै १५ दिनभित्र लिखित जवाफ पेश गर्नसमेत विपक्षीलाई आदेशमा भनिएको छ ।

नेता गौतमलाई राष्ट्रियसभामा गरिएको मनोनयन असंवैधानिक भएको जिकिर गर्दै सांसदका रुपमा कार्य गर्न नदिन र मन्त्रिमण्डलमा लैजाने कार्य रोक्न अन्तरिम आदेशको माग रिट निवेदनमा गरिएको थियो ।

अदालतले निवेदनमाथिको प्रारम्भिक सुनुवाइ आजका लागि तय गरेको थियो । नेकपाले उपाध्यक्ष गौतमलाई राष्ट्रियसभा सदस्यमा लाने निर्णय गरेपछि सरकारले राष्ट्रपतिसमक्ष सिफारिस गरेको थियो । नेता गौतम २०७४ सालमा प्रतिनिधिसभा निर्वाचनमा बर्दिया १ बाट पराजित हुनुभएको थियो । अब गौतमको राष्ट्रियसभा सदस्य पद के हुने भन्ने विषयमा यही असोज १४ गते सुनवाइ हुनेछ ।

# बिरामीलाई फलफुल



**दैनिक समाचारदाता**
**राजविराज, ७ असोज ।**

"सामाजिक क्षेत्र राष्ट्रिय गौरब, आजको प्राथमिकता समृद्धि र सुखको लागि सामाजिक रूपान्तरण र उद्यमशिलता" भन्ने नाराका साथ ४१ औं सामाजिक सेवा दिवसको अबसरमा बुधबार बिरामीहरुलाई फलफुल बितरण गरिएको छ ।

गैसस महासंघ नेपाल सप्तरीद्वारा गजेन्द्र नारायण सिंह अस्पतालको आकस्मिक वार्ड र बाल पोषण गृहका ५० जना बिरामीलाई डब्लुएचएच र आसमान नेपालको साझेदारीमा फलफूल वितरण गरिएको हो ।

फलफुल बितरण कार्यक्रममा राजविराज नगरपालिकाको उपप्रमुख साधना झा, अस्पतालका मित्ति मेसु डा. रञ्जित कुमार झा, डब्लुएचएच, आसमान नेपालका प्रतिनिधि, गैसस महासंघ नेपालका सचिव दिपक झा लगायतको उपस्तिथी रहेको थियो ।


**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) र बालमैत्री सञ्चार निर्देशिकामा भएका व्यवस्थाको पालना गरौं ।।**
**पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सूचना सम्प्रेषण नगरौं ।।**

- पत्रकार तथा सञ्चार माध्यमले विपत्ति वा शोकमा परेका, दुःख-पीडा भोगिरहको व्यक्ति वा उनका आफन्तजनमा थप पीडा पुग्ने गरी वा सावर्जनिक संवदेनशीलतामा प्रतिकूल असर पर्ने गरी कुनै पनि विवरण, समाचार, श्रब्यदृश्य, संकेत लगायतका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।
- सञ्चारमाध्यमले यौन अपराध वा सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा मानवता विरोधी अपराधबाट प्रभावित व्यक्ति (Surviver) वा पीडित व्यक्ति (Victim) लाई नकारात्मक असर पार्न सक्ने सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन । त्यस्तो अवस्थामा प्रभावित व्यक्तिको स्वीकृति बिना र प्रभावको मूल्यांकन नगरी प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभावित वा निजका तर्फबाट उजुरी दिने व्यक्तिको नाम, ठेगाना र पहिचान प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा खुलाउनु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**



# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रूपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



## NOVEL CORONA VIRUS (nCOV)
सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

**नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू**



ज्वरो (१००.४°F भन्दा माथि)
श्वास प्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी

"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"

**नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?**

नियमित रूपमा साबुन-पानीले हात धुने ।


खोक्दा र हाच्छ्युं गर्दा नाक र मुख छोप्ने ।


फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।


फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।


जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।


पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।


नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु → ipay remit, CITY EXPRESS, Best Remit Quick & Easy, PRABHU Money Transfer (प्रभुको इच्छा, रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम), IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*